# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, कात्तिक ६ गते २०४९ साल (अतिरिक्ताङ्क ३७

## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं २३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।**

### फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) ऐन, २०४४ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) ऐन, २०४४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) ऐन, २०४४ को दफा ३.१ मा संशोधनः फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) ऐन, २०४४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३.१ को उपदफा ३.१.१.७, ३.१.१.९, ३.१.१.१०, ३.१.१.१२ र ३.१.१.१४ को सट्टा देहायका उपदफा ३.१.१.७, ३.१.१.९, ३.१.१.१०, ३.१.१.१२ र ३.१.१.१४ राखिएका छन्ः–

"३.१.१.७ सङ्कलित फोहर मैलाबाट बृकेट, प्राङ्गारिक (कम्पोस्ट) मल वा उर्जा शक्ति (बायो ग्याँस) उत्पादन गर्ने,

३.१.१.९ फोहर मैला प्रवन्ध तथा नियन्त्रण गर्ने सम्बन्धमा कुनै व्यक्ति, संस्था वा निकायलाई प्राविधिक सल्लाह वा अन्य आवश्यक सहयोग प्रदान गर्ने,

३.१.१.१० हानिकारक फोहर मैलाको वर्गीकरण गरी त्यसको निवारण गर्ने, गराउने,

४८० (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१.१.१२ साना तिना फोहर तथा कसिङ्गरहरू फ्याँक्ने प्रयोजनको लागि ठाँउ ठाउँमा भाँडो राख्न कसैले अनुरोध गरेमा आवश्यक सहयोग गर्ने गराउने,

३.१.१.१४ फोहर मैलाको व्यवस्थापन तथा वातावरणीय सफाई सम्बन्धी तालिम प्रदान गर्ने, गराउने।"

३. <u>मूल ऐनको दफा ३.२ मा संशोधनः</u> मूल ऐनको दफा ३.२ को उपदफा ३.२.१ को सट्टा देहायको उपदफा ३.२.१ राखिएको छः-

"३.२.१ केन्द्रको अधिकार देहाय बमोजिम हुनेछः-

३.२.१.१ स्वदेशी संस्था वा बैंकबाट ऋण लिने,

३.२.१.२ विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण लिने,

३.२.१.३ सरसफाई सम्बन्धी सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायबाट निर्धारित शुल्क असूल गर्ने,

३.२.१.४ सङ्कलित फोहर मैलाबाट तयार गरिएको बृकेट, प्राङ्गारिक (कम्पोष्ट) मल वा उर्जा शक्ति (बायो ग्याँस) बिक्री वितरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.१.५ फोहर मैलालाई पुनः प्रयोग गर्ने वस्तुको रूपमा परिणात गर्ने,

३.२.१.६ फोहर मैलाको व्यवस्थापन तथा वातावरणीय सफाई सम्बन्धी तालीम वा सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायबाट निर्धारित शुल्क असूल गर्ने,

३.२.१.७ यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्य पूरा गर्नको लागि आवश्यक अन्य काम गर्ने, गराउने।"

४. <u>मूल ऐनको दफा ३.३ मा संशोधनः</u> मूल ऐनको दफा ३.३ को,-

(१) उपदफा ३.३.३ को सट्टा देहायको उपदफा ३.३.३ राखिएको छः-

"३.३.३ सञ्चालक समितिमा देहायका सदस्यहरू रहनेछन्ः-

३.३.३.१ श्री ५ को सरकारबाट नियुक्त वा तोकेको व्यक्ति -अध्यक्ष

३.३.३.२ प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

४८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.३.३.३ प्रतिनिधि,
स्थानीय विकास
मन्त्रालय -सदस्य

३.३.३.४ प्रतिनिधि,
आवास तथा
भौतिक योजना
मन्त्रालय -सदस्य

३.३.३.५ प्रतिनिधि,
वन तथा
वातावरण
मन्त्रालय -सदस्य

३.३.३.६ सदस्य-सचिव,
काठमाडौं उपत्यका
नगर विकास
समिति -सदस्य

३.३.३.७ महाप्रबन्धक,
नेपाल खानेपानी
संस्थान -सदस्य

३.३.३.८ काठमाडौं
नगरपालिकाको
प्रमुख वा
निजले मनोनयन
गरेको सदस्य -सदस्य

३.३.३.९ ललितपुर
नगरपालिकाको
प्रमुख वा
निजले मनोनयन
गरेको
सदस्य -सदस्य



४८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३.३.३.१० भक्तपुर नगरपालिकाको प्रमुख वा निजले मनोनयन गरेको सदस्य -सदस्य

३.३.३.११ महाप्रवन्धक, फोहर मैला प्रवन्ध तथा स्रोत परिचालन केन्द्र -सदस्य-सचिव"

(२) उपदफा ३.३.४ मा रहेका "श्री ५ को सरकारबाट नियुक्त सदस्यको" भन्ने शब्दहरूको सट्टा "समितिको अध्यक्षको" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल ऐनको दफा ३.७ मा संशोधनः मूल ऐनको दफा ३.७ को,-

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"निरीक्षण अधिकृत नियुक्त वा तोकन सक्नेः"

(२) उपदफा ३.७.१ मा रहेका "नियुक्त गर्न सक्नेछ" भन्ने शब्दहरूपछि "वा केन्द्रका कुनै अधिकारीलाई निरीक्षण अधिकृत भई काम गर्न तोकन सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल ऐनको दफा ५.१ मा संशोधनः मूल ऐनको दफा ५.१ को,-

४८४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा ५.१.१.१७ मा रहेका "असर पर्ने गरी" भन्ने शब्दहरू पछि "केन्द्रले तोकेको ठाउँमा बाहेक" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा ५.१.१.१९ पछि देहायको उपदफा ५.१.१.२० थपिएको छः-

"५.१.१.२० केन्द्रले तोकेको विशेष प्रकारका फोहर मैलाहरू केन्द्रले तोकेको ठाउँमा बाहेक कन्टेनर, सडक, फूटपाथ वा अन्य सार्वजनिक स्थानमा फाल्न वा थुपार्न।"

७. <u>मूल ऐनको दफा ५.२ मा संशोधन</u> : मूल ऐनको दफा ५.२ को,-

(१) उपदफा ५.२.१.३ मा रहेका "दुईसय पचास रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा ५.२.१.११ पछि देहायको उपदफा ५.२.१.१२ थपिएको छः-

"५.२.१.१२ उपदफा ५.१.१.२० विपरीत काम कारवाई गर्ने गराउनेलाई एक हजार रुपैयाँ सम्म।"

(३) उपदफा ५.२.५.२ मा रहेका "एकसय पचास रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"एकहजार रूपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

८. मूल ऐनमा दफा ४.२क. थप : मूल ऐनको दफा ४.२ पछि देहायको दफा ४.२क. थपिएको छः-

"४.२क. आदेश उलङ्घन गर्नेलाई सजाय : दफा ४.२ को उपदफा ४.२.१ बमोजिम केन्द्रको आदेश उलङ्घन गर्नेलाई केन्द्रले एक हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।"

९. मूल ऐनको दफा ७.३ मा संशोधन : मूल ऐनको दफा ७.३ को,-

(१) उपदफा ७.३.१ को सट्टा देहायको उपदफा ७.३.१ राखिएको छः-

"७.३.१ केन्द्रले कुनै व्यक्ति, संस्था वा निकायलाई वा कुनै टोल वा ठाउँमा सफाई सेवा पुऱ्याएमा उक्त सेवा वापत सफाई सेवा शुल्क असूल गर्न सक्नेछ।"

(२) उपदफा ७.३.३ मा रहेका "त्यस्ता व्यक्तिबाट" भन्ने शब्दहरु झिकिएका छन्।

१०. मूल ऐनमा दफा ७.७क. थप : मूल ऐनको दफा ७.७ पछि देहायको दफा ७.७क थपिएको छः-

"७.७क. उद्योग दर्ताको जानकारी दिनु पर्ने : (१) फोहर मैला संग सम्बन्धित उद्योग वा व्यवसाय दर्ता गर्ने व्यक्ति, संस्था वा निकायले तीन महीना भित्र त्यसको जानकारी केन्द्रलाई दिनु पर्नेछ।

४८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उद्योग वा व्यवसायको लगत केन्द्रले अद्यावधिक गराई राख्नु पर्नेछ।"

११. मूल ऐनको दफा ७.८ मा संशोधन : मूल ऐनको दफा ७.८ मा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

१२. रूपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" र "नगर पञ्चायत" भन्ने शब्दहरूको सट्टा "नगरपालिका" भन्ने शब्दहरू राखि रूपान्तर गरिएकोछ।

लालमोहर सदर मिति २०४९।७।६।५

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



४८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।